# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश, हेटौंडा

प्रशासन तथा सूचना प्रकाशन शाखा

**स्थानीय तहका विभिन्न सेवा समूहका अप्राविधिक/प्राविधिक तर्फका अधिकृत छैठौं तहका पदहरूको जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना**

**सूचना नं. २२/०७७-७८  प्रकाशन मितिः२०७७/१०/१२**

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन**द्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने अप्राविधिक/प्राविधिक तर्फका अधिकृत छैठौं तहका देहायका पदहरूका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा (२) बमोजिम बागमती प्रदेश अन्तर्गत स्थानीय तहहरूमा स्थायी पदमा कार्यरत (कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघीय निजामती सेवाबाट समायोजन भएका तथा साविक स्थानीय तहमा कार्यरत भई उक्त समायोजन ऐन अनुसार स्थानीय तहमा नै समायोजित कर्मचारी समेत) सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/११/१६ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट ppsc.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र आयोगको कार्यालय, बागमती प्रदेश, हेटौंडामा बुझाइसक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा

१. अप्राविधिक तर्फ

| क्र. सं. | बढुवा सूचना नं. | स्थानीय तह | सेवा | समूह | तह | पद | माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १६४/०७७-०७८ | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | प्रशासन | सामान्य प्रशासन | ६ | अधिकृत छैठौं | १९ |

## २. प्राविधिक तर्फ

| क्र.सं. | बढुवा सूचना नं. | स्थानीय तह | सेवा | समूह | तह | पद | माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २५१/०७७-०७८ | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | इञ्जिनियरिङ | सिभिल | ६ | इञ्जिनियर | ६ |

## उम्मेदवारहरूले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरू

१. निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।

२. निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ

। दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर उल्लेख गर्नु पर्नेछ।

३. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका साविक स्थानीय तहमा कार्यरत कर्मचारीहरूले कर्मचारी सङ्केत नम्बर नभएको भए यस सूचना बमोजिम दरखास्त फाराम भर्दा कर्मचारी सङ्केत नम्बर उल्लेख गर्नुपर्ने छैन ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

५. दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

६. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।

७. दरखास्त दस्तुर रू. १२००। - (बाह्र सय) बुझाउनु पर्नेछ।

८. दरखास्त दस्तुर बुझाउने स्थानः राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००
नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१
कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)
राजश्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको सक्कल बैङ्क भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

द्रष्टव्यः- मिति २०७६/२/१५ गते लोक सेवा आयोगबाट स्थानीय तहहरूका लागि निर्धारित बढुवा माग प्रतिशतका आधारमा माग आकृति फाराम प्राप्त नभएका स्थानीय तहहरूबाट यकिन गरी जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवाको मागपद सङ्ख्या थप हुन आएमा सोसमेत यसै सूचना बमोजिम बढुवा पदपूर्ति गर्ने गरी समावेश गरिनेछ ।

**स्थानीय तहका विभिन्न सेवा समूहका अप्राविधिक/प्राविधिक तर्फका अधिकृत छैठौं तहका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

**सूचना नं.२३/०७७-७८ प्रकाशन मितिः२०७७/१०/१२**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम स्थानीय तहमा रिक्त अप्राविधिक/प्राविधिक अधिकृत छैठौं पदहरूको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकता क्रम अनुसार स्थानीय तह तोकी रिक्त पदमा सिफारिस गरिनेछ । यसरी सिफारिस भएका उम्मेदवारहरूलाई सम्बन्धित स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन् ।सेवाका सर्त, तलब तथा अन्य सुविधा सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

**स्थानीय तह अनुसार पदसङ्ख्या उल्लेख गरिएको विस्तृत विज्ञापन आयोगको वेवसाइटमा प्रकाशन गरिएको छ ।**

## १. अप्राविधिक तर्फः

| क्र. सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | स्थानीय तह | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | २३३/०७७-०७८ | खुला | अधिकृत छैठौं | ६ | प्रशासन | सामान्य प्रशासन | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | ४४ |
| २ | २३४/०७७-०७८ | महिला | अधिकृत छैठौं | ६ | प्रशासन | सामान्य प्रशासन | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | ११ |
| ३ | २३५/०७७-०७८ | आ.ज | अधिकृत छैठौं | ६ | प्रशासन | सामान्य प्रशासन | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | २ |
| ४ | २३६/०७७-०७८ | मधेसी | अधिकृत छैठौं | ६ | प्रशासन | सामान्य प्रशासन | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| ५ | २३७/०७७-०७८ | दलित | अधिकृत छैठौं | ६ | प्रशासन | सामान्य प्रशासन | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| ६ | २३८/०७७-०७८ | खुला | अधिकृत छैठौं | ६ | प्रशासन | लेखा | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | ६ |
| ७ | २३९/०७७-०७८ | खुला | आन्तरिक लेखा परीक्षक | ६ | लेखापरीक्षण | | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | २ |

## २. प्राविधिक तर्फः

| क्र. सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|
| १ | ७७५/०७७-०७८ | खुला | तथ्याङ्क अधिकृत | ६ | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| २ | ७७६/०७७-०७८ | खुला | शिक्षा अधिकृत | ६ | शिक्षा | शिक्षा प्रशासन | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | ६ |
| ३ | ७७७/०७७-०७८ | खुला | इञ्जिनियर | ६ | इञ्जिनियरिङ | सिभिल | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १२ |
| ४ | ७७८/०७७-०७८ | महिला | इञ्जिनियर | ६ | इञ्जिनियरिङ | सिभिल | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| ५ | ७७९/०७७-०७८ | आ.ज | इञ्जिनियर | ६ | इञ्जिनियरिङ | सिभिल | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| ६ | ७८०/०७७-०७८ | खुला | इञ्जिनियर | ६ | इञ्जिनियरिङ | बिल्डिङ्ग एण्ड आर्किटेक्ट | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | २ |
| ७ | ७८१/०७७-०७८ | खुला | इञ्जिनियर | ६ | इञ्जिनियरिङ | वातावरण | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| ८ | ७८२/०७७-०७८ | खुला | अधिकृत | ६ | कृषि | एगृ एण्ड इको मार्केटिङ्ग | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| | | खुला | कृषि प्रसार अधिकृत | ६ | कृषि | कृषि प्रसार | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | २५ |
| | | खुला | अधिकृत | ६ | कृषि | बागबानी | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| | | खुला | बाली संरक्षण अधिकृत | ६ | कृषि | बाली संरक्षण | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ७८३/०७७-०७८ | खुला | पशु विकास अधिकृत | ६ | कृषि | ला.पो.डे.डे | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | ९ |
| १० | ७८४/०७७-०७८ | खुला | मत्स्य विकास अधिकृत | ६ | कृषि | मत्स्य | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १ |
| ११ | ७८५/०७७-०७८ | खुला | पशु चिकित्सक | ६ | कृषि | भेटेरिनरी | बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरू | १९ |

**परीक्षाको किसिमः** लिखित, कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः** हेटौंडा।

**दरखास्त दस्तुरः** प्रत्येक विज्ञापनका लागि रू.१२००। -(बाह्र सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।

समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रति समूहका लागि थप रू. ६००/-(छ सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००

नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१००००००१

कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग)

राजश्व शीर्षक नं. १४२२४ मा दरखास्त दस्तुर बुझाएको बैङ्क भौचरमा Master ID लेखी स्क्यान गरी Online Application भर्दा तोकिएको स्थानमा Upload गर्नु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः** दरखास्त दिने अन्तिम मिति २०७७/११/२ गते सम्म अनलाइन माध्यमबाट दरखास्त पेश गर्ने उम्मेदवारले मिति २०७७/११/३ गते भित्र र दोब्बर दस्तुरको म्याद मिति २०७७/११/३ गते देखि २०७७/११/९ गते भित्र अनलाइन माध्यमबाट दरखास्त पेश गर्ने उम्मेदवारले मिति २०७७/११/१० गते भित्र तोकिएको बैङ्कमा परीक्षा दस्तुर/दोब्बर दस्तुर बुझाई बैङ्क भौचरमा Master ID लेखी स्क्यान गरी Online Application भर्दा तोकिएको स्थानमा Upload गर्नु पर्नेछ।

**दरखास्तको माध्यमः** विज्ञापन गरिएका सबै पदहरूमा अनलाईन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ। अनलाईन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेवसाईट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरू अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। अपलोड गर्नुपर्ने कागजातहरू 500KB भन्दा कम साइजको हुनुपर्नेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ अनुसार स्थानीय तहमा अस्थायी वा करारमा २०७४।०६।२९ भन्दा अघि नियुक्ति भई अविच्छिन्न

रूपमा कार्यरत कर्मचारीहरूले अनिवार्य रूपमा आफू कार्यरत रहेको विवरण सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयम् पूर्ण जवाफदेही हुनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७/११/०२ गते सम्म र दोब्बर दस्तुर तिरी २०७७/११/१० गते सम्म।

**उम्मेदवारको उमेरको हदः** *विज्ञापन भएका पदहरूमा २०७७/११/०२ गते सम्म १८ वर्ष उमेर पूरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।

*बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ अनुसार स्थानीय तहमा २०७४/६/२९ भन्दा अघि नियुक्ति भई अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरूको हकमा समेत १ (एक) पटकका लागि उमेरको हद लाग्ने छैन। तर यो व्यवस्था लोक सेवा आयोगबाट मिति २०७६/२/१५ गते प्रकाशित विज्ञापनमा समावेश भएका स्थानीय तह र पदहरूको हकमा लागू हुने छैन।

**कम्प्युटर सीप परीक्षण/प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** स्थानीय तहको कानून बमोजिम।
**तलब तथा सेवा सुविधाः** स्थानीय तहको प्रचलित कानून बमोजिम।

**लिखित परीक्षा कार्यक्रमः**

**१. अप्राविधिक तर्फः**

| पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चरण | द्वितीय चरण | | |
| | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |
| अधिकृत छैठौं/प्रशासन/सामान्य प्रशासन | ६ | २०७७।१२।१४ दिनको १:०० बजे | प्रथम चरणको परीक्षाको नतिजा प्रकाशित हुँदा परीक्षा मिति तोकिने छ । | | |
| अधिकृत छैठौं/ प्रशासन/लेखा | ६ | | | | |
| आन्तरिक लेखा परीक्षक/लेखापरीक्षण | ६ | | | | |

**२. प्राविधिक तर्फः**

| पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय | |
|---|---|---|---|
| | | प्रथम पत्र | द्वितीय पत्र |
| तथ्याङ्क अधिकृत/आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | ६ | २०७७।१२।१८ दिनको १:०० बजे | २०७७।१२।१९ दिनको १:०० बजे |
| शिक्षा अधिकृत/शिक्षा/शिक्षा प्रशासन | ६ | २०७७।१२।१८ दिनको १:०० बजे | २०७७।१२।१९ दिनको १:०० बजे |

| | | | |
|---|---|---|---|
| इञ्जिनियर/इञ्जिनियरिङ/सिभिल | ६ | २०७७।१२।२१<br>दिनको ११:०० बजे | २०७७।१२।२१ दिनको<br>१:३० बजे |
| इञ्जिनियर/इञ्जिनियरिङ/वातावरण | ६ | २०७७।१२।२२<br>दिनको १:०० बजे | २०७७।१२।२३ दिनको<br>१:०० बजे |
| इञ्जिनियर/इञ्जिनियरिङ/बिल्डिङ एण्ड आर्किटेक्ट | ६ | २०७७।१२।२८<br>दिनको १:०० बजे | २०७७।१२।२९ दिनको<br>१:०० बजे |
| अधिकृत/कृषि/एगृ एण्ड इको मार्केटिङ | ६ | २०७७।१२।२८<br>दिनको १:०० बजे | २०७७।१२।२९ दिनको<br>१:०० बजे |
| कृषि प्रसार अधिकृत/कृषि/कृषि प्रसार | ६ | | |
| अधिकृत/कृषि/बागबानी | ६ | | |
| बाली संरक्षण अधिकृत/कृषि/बाली संरक्षण | ६ | | |
| पशु विकास अधिकृत/कृषि/ला.पो.डे.डे | ६ | २०७७।१२।२५<br>दिनको १:०० बजे | २०७७।१२।२६ दिनको<br>१:०० बजे |
| मत्स्य अधिकृत/कृषि/मत्स्य | ६ | २०७७।१२।२५<br>दिनको १:०० बजे | २०७७।१२।२६ दिनको<br>१:०० बजे |
| पशु चिकित्सक/कृषि/भेटेरिनरी | ६ | २०७७।१२।३०<br>दिनको १:०० बजे | २०७७।१२।३१ दिनको<br>१:०० बजे |

**<u>आवश्यक न्यूनतम योग्यताः</u>**

१. अधिकृत छैठौं/प्रशासन/सामान्य प्रशासनः- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण ।

२. अधिकृत छैठौं/ प्रशासन/लेखाः- मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र वा व्यवस्थापन सङ्कायमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण ।

३. आन्तरिक लेखा परीक्षक/लेखापरीक्षणः- मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यापार प्रशासन वा वाणिज्य शास्त्र वा व्यवस्थापन सङ्कायमा स्नातक वा चार्टर्ड एकाउन्टेन्सी वा सो सरहको परीक्षा उत्तीर्ण ।

४. तथ्याङ्क अधिकृत/आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्कः- मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित वा जनसङ्ख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

५. शिक्षा अधिकृत/शिक्षा/शिक्षा प्रशासनः- मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

६. इञ्जिनियर/इञ्जिनियरिङ/सिभिलः- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा बि.इ. वा सो सरह उत्तीर्ण ।

७. इञ्जिनियर/इञ्जिनियरिङ/बिल्डिङ्ग एण्ड आर्किटेक्टः- मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा

बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बि.इ. वा सो सरह उत्तीर्ण।

८. इञ्जिनियर/इञ्जिनियरिङ/वातावरणः- मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण इञ्जिनियरिङ विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

९. अधिकृत/कृषि/एगृ एण्ड इको मार्केटिङ्गः- मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ इकोनोमिक्स वा एगृ बिजनेश मुख्य विषय लिई स्नातक तह (बि.एस्सी) वा सो सरह उत्तीर्ण ।

१०.कृषि प्रसार अधिकृत/कृषि/कृषि प्रसारः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि.एस्सी एगृ) वा सो सरह उत्तीर्ण ।

११.अधिकृत/कृषि/बागबानीः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि.एस्सी एगृ) वा सो सरह उत्तीर्ण।

१२.अधिकृत/कृषि/ला.पो.डे.डेः- पशु विज्ञान मुख्य विषय लिई बि.एस्सी.एजी उत्तीर्ण वा बि.टेक (डेरी टेक्नोलोजी) वा बि.भी.एस्सी एण्ड ए.एच वा बि.भी.एस्सी/डि.भि.एम वा बि.टेक.एड.(लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण ।

१३.पशु विकास अधिकृत/कृषि/भेटेरिनरीः-मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.भी.एस्सी एण्ड ए.एच वा बि.भी.एस्सी वा डि.भि.एम वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

१४.बाली संरक्षण अधिकृत/कृषि/बाली संरक्षणः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बि.एस्सी एगृ) वा सो सरह उत्तीर्ण।

१५.मत्स्य अधिकृत/कृषि/मत्स्यः- मान्यता प्राप्त शिक्षण संस्थाबाट मत्स्य पालन विषय लिई स्नातक तह बि.एस्सी.एगृ/बि.भी.एस्सी/बि.एस्सी (पशु विज्ञान)/ बि.भी.एस्सी एण्ड ए.एच उत्तीर्ण ।

**खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना**

१. निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ अनुसार स्थानीय तहमा अस्थायी वा करारमा २०७४।०६।२९ भन्दा अघि नियुक्ति भई अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरूले आफू कार्यरत स्थानीय तहबाट प्रमाणित गराएको कागजात पेश गर्नु पर्नेछ।

३. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरूको लागि प्रथम चरणमा उत्तीर्ण गरेको उम्मेदवारहरूलाई मात्र द्वितीय चरणमा सहभागी गराइनेछ।

४. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले कम्प्युटर सीप परीक्षण/प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरूको प्राथमिकताक्रम अनिवार्य रूपले भर्नुपर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्य उम्मेदवारले रोजेर बाँकी भएको स्थानको पदमा सिफारिस गरिनेछ।

५. समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

६. स्थायी बहालवाला कर्मचारीले समान पदमा दरखास्त दिन पाउने छैन ।

७. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरू हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै स्वयम् आयोगको कार्यालयमा उपस्थित भई आवेदन गर्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग

बाध्य हुने छैन ।

८. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

९. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

१०. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

११. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको दरखास्त फाराम स्वीकृत/अस्वीकृत तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार आफैं हुनुपर्नेछ ।

१२. विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ ।

१३. प्रस्तुत विज्ञापनका लागि पदसङ्ख्या निर्धारण गर्दा लोक सेवा आयोगद्वारा मिति २०७६।०२।१५ मा प्रकाशित सूचना अनुसार स्थानीय तहहरूमा बढुवा पदपूर्तिका लागि निर्धारण भएको पदसमेतलाई थप गरी पदसङ्ख्या कायम गरिएको छ ।

१४. यस सूचना बमोजिम तोकिएको माग पदको सङ्ख्यामा दोहोरो माग कायम हुन आएको देखिएमा माग पदमा संशोधन हुन सक्नेछ।

**<u>समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन</u>**

१. लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैँले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ।

२. समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्दछः

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।